फोन नं. ०६७-४२०१३३,
४२०१३४, ४२११७२
फ्याक्स नं. ०६७४२०३०३

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पर्वत, कुश्मा

visit Nepal 2020 Lifetime Experiences

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्वत

पत्र संख्याः- प्रशासन/०७६/०७७

च.नं - २२२

मितिः- २०७६/०५/०५

विषयः- निर्णय पठाइएको सम्बन्धमा ।

श्री जिल्ला प्रहरी कार्यालय, पर्वत ।
श्री सशस्त्र प्रहरी बल गण हे.क्वा.नं.२५, पर्वत ।

प्रस्तुत विषयमा गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ४१३ मिति २०७६/०५/०४ को पत्रसाथ प्राप्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को बैठकबाट मिति २०७६/०५/०२ मा भएको " राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि २०६९ लाई संशोधन गर्ने" विषयको निर्णयको प्रतिलिपी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

०७६।५।५

OIC

अमृत सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी

फोन नं.: ०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल: control@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्या:- शा.सु. ०७६/०७७/०८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ४९३

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मिति: २०७६।०५।०४

विषय:- निर्णय पठाइएको ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को बैठकबाट मिति २०७६/०५/०२ मा भएको "राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि २०६९ लाई संशोधन गर्ने" विषयको निर्णय यसैसाथ संलग्न राखि तहाँको जानकारीको पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७६।५।४

(दीपक पौडेल)
शाखा अधिकृत

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :-
च.नं. :- मं.वै./७०१ ६४८

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०७६/५/२

श्री सचिव,
गृह मन्त्रालय ।

राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९ लाई संशोधन गर्ने विषय मं.प.बै.सं. २२/०७६ मिति २०७६/५/२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९ लाई संशोधन गर्ने विषयको गृह मन्त्रालयको दर्ता नं. ८/१६६-०७५।१२।११ को प्रस्ताव मं.प.बै.सं. ७०/०७५ मिति २०७५।१२।२५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७६।२।५ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट परिमार्जन गरिएको यसैसाथ संलग्न "राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६" स्वीकृत गर्ने । सोको सूचना अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

लफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०५०, ४२११०७३, ४२११०२१, ४२११०३८
याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ल : info@opmcm.gov.np
साइट : http//www.opmcm.gov.np

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को
सिंहदरबार, काठमाडौं

मिति: २०७६।२।१५

संख्या :- ४२/०७६

म.स.सं./३२२/८४९१

श्रीमान् मुख्यसचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय ।

मिति २०७६।२।१५ मा बसेको मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु -

"राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९ लाई संशोधन गर्ने विषयको गृह मन्त्रालयको नं. ८/१६६-०७५।१२।११ को प्रस्ताव मं.प.बै.सं. ७०/०७५ मिति २०७५।१२।२५ को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश हुँदा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६" स्वीकृतिको लागि मन्त्रिपरिषद्‌समक्ष पेश गर्ने।"

(डिल्लीराज घिमिरे)
सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.न. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

## राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०७६

राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९ को दफा २ मा संशोधन : राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, २०६९ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) "विशिष्ट व्यक्ति" भन्नाले देहायका अति विशिष्ट तथा विशिष्ट व्यक्ति सम्झनु पर्छ :-

(क) अति विशिष्ट व्यक्तिः

(१) राष्ट्रपति,

(२) उपराष्ट्रपति,

(३) प्रधानमन्त्री,

(४) प्रधान न्यायाधीश,

(५) प्रतिनिधि सभाको सभामुख,

(६) राष्ट्रिय सभाको अध्यक्ष,

(७) पूर्व राष्ट्रपति,

(८) पूर्व उप राष्ट्रपति,

(९) पूर्व प्रधानमन्त्री ।

(ख) विशिष्ट व्यक्तिः

(१) उपप्रधानमन्त्री,

(२) प्रदेश प्रमुख,

(३) नेपाल सरकारको मन्त्री,

(४) प्रदेश सरकारको मुख्य मन्त्री,

(५) प्रतिनिधि सभाको उपसभामुख,

(६) राष्ट्रिय सभाको उपाध्यक्ष,

(७) नेपाल सरकारको राज्यमन्त्री,

(८) संवैधानिक निकायका प्रमुख,

(९) प्रदेश सभाका सभामुख,

(१०) नेपाल सरकारको सहायक मन्त्री,

(११) प्रदेश सरकारको मन्त्री,

(१२) प्रदेश सभाका उपसभामुख,

(१३) प्रदेश सरकारको राज्यमन्त्री,

(१४) नेपाल सरकारको मुख्य सचिव,

(१५) प्रधानसेनापति,

(१६) प्रदेश सरकारको सहायक मन्त्री,

(१७) संवैधानिक निकायका सदस्य तथा आयुक्तहरू।"

३. <u>मूल कार्यविधिको दफा ३ मा संशोधन</u> : मूल कार्यविधिको दफा ३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) नेपालको संविधानको धारा ८ को उपधारा (१) मा उल्लेख भ बमोजिम सिम्रिक रङ्गको भुइँ र गाढा नीलो रङ्गको किनारा भएको दुई त्रिको अलिकति जोडिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखि सेतो आकार र तल्लो भागमा बाह्र कोणयुक्त सूर्यको सेतो आकार अङ्कित भए झण्डा नेपालको राष्ट्रिय झण्डा हो ।"

(२) उपदफा (२) मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहर सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

४. <u>मूल कार्यविधिको दफा ५ मा संशोधन</u> : मूल कार्यविधिको दफा ५ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (ग) मा रहेको "र" भन्ने अक्षर झिकिएको छ ।

(ख) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) प्रतिनिधि सभाको सभामुख, र"

(ग) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :-

"(ङ) राष्ट्रिय सभाको अध्यक्ष ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको :-

"(३) उपप्रधानमन्त्री, प्रदेश प्रमुख, नेपाल सरकारको मन्त्री, प्रदेश सरकारको मुख्यमन्त्री, प्रतिनिधि सभाका उपसभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, नेपाल सरकारको राज्यमन्त्री, प्रदेश सभाको सभामुख, नेपाल सरकारको सहायक मन्त्री, प्रदेश सरकारको मन्त्री, प्रदेश सरकारको उपसभामुख, प्रदेश सरकारको राज्यमन्त्री र प्रदेश सरकारको सहायक मन्त्रीले निजी काममा बाहेक सरकारी कामको सिलसिलामा चढेको सरकारी सवारी साधन वा उपदफा (२) बमोजिम नम्बर प्लेट रहेको सरकारी सवारी साधनमा दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिमको राष्ट्रिय झण्डाको प्रयोग गर्न पाउनेछन्।"

५. <u>मूल कार्यविधिको दफा ६ मा संशोधन</u> : (१) मूल कार्यविधिको दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) देहायमा उल्लेख भएका कार्यालयका भवन वा परिसरमा दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिमको राष्ट्रिय झण्डा राख्नु पर्नेछ :-

(क) राष्ट्रपतिको कार्यालय,

(ख) उपराष्ट्रपतिको कार्यालय,

(ग) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

(घ) सर्वोच्च अदालत,

(ङ) प्रतिनिधि सभा,

(च) राष्ट्रिय सभा,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

(छ) उपप्रधानमन्त्रीको कार्यालय,

(ज) प्रदेश प्रमुखको कार्यालय,

(झ) मन्त्रालय वा विशिष्ट श्रेणीको कर्मचारी रहने कार्यालय,

(ञ) प्रदेश सरकारको मुख्यमन्त्रीको कार्यालय,

(ट) प्रदेश सभा,

(ठ) संवैधानिक निकाय,

(ड) महान्यायाधिवक्ताको कार्यालय,

(ढ) प्रदेश सरकारको मन्त्रालय,

(ण) विदेशस्थित नेपाली राजदूतावास तथा अन्य कूटनैतिक नियोग,

(त) नेपाल राष्ट्र बैङ्कको केन्द्रीय कार्यालय,

(थ) उच्च अदालत,

(द) जिल्ला समन्वय समितिको कार्यालय,

(ध) जिल्ला अदालत,

(न) जिल्ला प्रशासन कार्यालय,

(प) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालय,

(फ) अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय भवन तथा आ कक्षका भवन, र

(ब) विदेशबाट नेपालभित्र प्रवेश गर्ने राजमार्ग, जलमार्ग, सडक, गो घोडेटोमा सबै भन्दा पहिलो स्थानमा पर्ने जुनसुकै नि अन्तर्गतको भए पनि पहिलो सरकारी कार्यालय, प्रहरी चौकी पोष्ट।"

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) कानून बमोजिम स्थापना भएका संघ संस्थाले आफ्नो कार्याल परिसरभित्र दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको राष्ट्रिय झण्डा सक्नेछन् ।"

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

६. मूल कार्यविधिको दफा ७ मा संशोधन : मूल कार्यविधिको दफा ७ को:-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) मा उल्लिखित व्यक्ति बाहेक कानून बमोजिम स्थापना भएका संघ संस्थाका प्रमुखले समेत आफ्नो कार्यकक्षभित्र दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिमको राष्ट्रिय झण्डा राख्न सक्नेछ ।"

(२) उपदफा (२) मा रहेका "(क) देखि (ध) सम्मका" भन्ने शब्दहरुको सट्टा "(क) देखि (प) सम्मका" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (१) मा उल्लिखित व्यक्ति बाहेक कानून बमोजिम स्थापना भएका संघ संस्थाका प्रमुखले आफ्नो कार्यकक्षभित्रको टेवुलमा राष्ट्रिय झण्डा राख्न चाहेमा दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिमको राष्ट्रिय झण्डा आफ्नो टेवुलको दायाँपट्टि राख्न सक्नेछ ।"

(४) उपदफा (६) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

(५) उपदफा (१३) मा रहेका "(क) देखि (ध) सम्मका" भन्ने शब्दहरुको सट्टा "(क) देखि (प) सम्मका" भन्ने शब्दहरु राखिएका छन् ।

७. मूल कार्यविधिको दफा १४ मा संशोधन : मूल कार्यविधिको दफा १४ को उपदफा (१) मा रहेका "नेपाल सरकारका" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "संविधानसभाका अध्यक्ष, प्रधान न्यायाधीश" भन्ने शब्दहरुको सट्टा "प्रधान न्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल कार्यविधिको दफा १७ मा संशोधन : मूल कार्यविधिको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :-

"१७. अनुगमन गर्ने : (१) प्रमुख जिल्ला अधिकारीले आफ्नो क्षेत्रभित्र यस कार्यविधि बमोजिम राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(२) उपदफा (१) बमोजिम अनुगमन गर्ने क्रममा कसैले राष्ट्रिय झण्डाको मर्यादा विपरीत प्रयोग गरेको पाईएमा प्रमुख जिल्ला अधिकारीले मर्यादा अनुसार प्रयोग गर्न लगाउन वा सोको प्रयोगमा रोक लगाउन सक्नेछ।"